| | |
|---|---|
| ७.११७ | **पुनः निकासी सम्बन्धी कार्यविधि संशोधन गरिएको ।**<br>**(भन्सार विभाग, महशुल तथा वर्गीकरण शाखाको प.सं. परिपत्र ०६९।७० च.नं. ४१४ मिति २०६९।७।२१)**<br><br>प्रस्तुत विषयमा तेश्रो मुलुकबाट आयात गरिएका वस्तुहरु पुनः निकासी गर्ने सम्बन्धी कार्यविधि, २०६६ मिति २०६९।६।२९ को सम्माननीय प्रधानमन्त्रीस्तर (विभागीय मन्त्री) निर्णयबाट संशोधन भएकोले संशोधित कार्यविधिको छायाँप्रति जानकारी एवं आवश्यक कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ भनी बाणिज्य तथा आपूर्ति मन्त्रालय, निर्यात प्रबर्द्धन तथा अन्तर्राष्ट्रिय व्यापार शाखाको प.सं २०६९।७० च.नं ६१७ मिति २०६९।७।१५ को पत्रबाट लेखी आएकोले सो साथ संलग्न संशोधित कार्यविधिको छायाँप्रति यसै साथ संलग्न राखी आवश्यक कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।<br><br>नेपाल सरकार<br>वाणिज्य तथा आपूर्ति मन्त्रालय<br><br>तेस्रो मुलुकवाट आयात गरिएका वस्तुहरु पुनः निकासी गर्ने सम्बन्धी कार्यविधि, २०६६<br><br>**१. विषय प्रवेशः**<br>१९९० को दशकमा नेपालले आर्थिक उदारीकराण्को नीति अवलम्वन गरेपश्चात सिमित निषेधित वस्तुहरु वाहेक अन्य वस्तुहरु निर्वाध रुपले आयात/निर्यात गर्न पाउने व्यवस्था छ । हालको व्यवस्था अनुसार स्वास्थ्यलाई हानी पुऱ्याउने सामग्रीहरु, हातहतियार तथा विष्फोटक पदार्थहरु, दूर सञ्चारजन्य सामान जस्ता सिमित वस्तुको आयातमा मात्रै इजाजत पत्र लिनुपर्ने व्यवस्था छ । खुला र वजारमुखी प्रणाली अनुसार आयातकर्ताले माग र आपूर्तिका आधारमा वस्तु आयात गर्ने गरेका छन् । आर्थिक उदारीकरणको पृष्ठभूमिमा तेस्रो मुलुकवाट आयात गरिएका वस्तुहरु पुनः अर्को तेस्रो मुलुकमा निकासी गर्नका लागि प्रक्रिया सरलीकरण गरी निकासीकर्तालाई निासीको लागि प्रोत्साहित गर्न आवश्यक भएकाले यो कार्यविधि तर्जुमा गरिएको छ ।<br><br>**२. उद्देश्यः**<br>खुला वजार प्रणाली अन्तर्गत व्यापार प्रक्रियालाई उदार र फारकीलो वनाउंदै लैजाने सिलसिलामा भारत वाहेक तेस्रो मुलुकवाट आयात गरी त्यस्तो सामान पुनः अर्को तेस्रो मुलुकमा अतिसौविध्य राष्ट्र (MFN) सुविधा अन्तर्गत निर्यात गर्न पाउने व्यवस्था मिलाउनु यस कार्यविधिको मुख्य उद्देश्य हो । यसका अतिरिक्त यस व्यवस्थाले निम्न अनुसारका उद्देश्य समेत पूर्ति गर्न सक्नेछ ।<br>(क) मुलुकको राजस्व वृद्धिमा योगदान पुग्ने ।<br>(ख) विदेशी मुद्रा सञ्चितीमा वृद्धि हुने ।<br>(ग) निकासी व्यापारमा विविधिकरण भई आर्थिक क्रियाकलाप वृद्धि हुने ।<br><br>**३. मौजुदा कानूनी व्यवस्थाः**<br>प्रस्तुत विषयमा आर्थिक ऐन,२०६६ को अनुसूची १ को १९(८) मा "नेपालको अन्य राष्ट्रहरुसँग भएका द्विपक्षीय तथा वहुपक्षीय सम्झौता वा सन्धिको प्रतिकूल नहुने गरी एक मुलुकवाट आयातित मालवस्तुहरु पुनः अर्को मुलुकमा ६ महिनाभित्र निर्यात गर्ने गरी पैठारी गरेमा उक्त मालवस्तुमा दरवन्दी अनुसार लाग्ने भन्सार |

| | | |
|---|---|---|
| | | महसुल धरौटीमा राखी पैठारी गर्न दिन सकिनेछ । यस्ता वस्तुहरु निकासी गर्दा पैठारी गर्दाको अवस्थामा भुक्तानी गरेको विदेशी मुद्रामा नघट्ने गरी आर्जन गरेको प्रमाण र निकासी भएको प्रमाण पेश गरेको एक महिनाभित्र धरौटी रहेको रकमवाट लाग्ने भन्सार महसुलको दश प्रतिशत रकम असुल गरी वाँकी भन्सार महसुल फिर्ता गरिनेछ ।"  भन्ने व्यवस्था रहेको छ । (आर्थिक ऐन २०६६ को उक्त व्यवस्थालाई आर्थिक ऐन, २०६७ र आर्थिक ऐन,२०६८ ले पनि कायम राखेको देखिन्छ) ।<br><br>४. **निकासी सम्बन्धी व्यवस्थाः**<br><br>४.१ कुनै पनि आयातकर्ताले तेस्रो मुलुकवाट आयात गरेको वस्तुहरु जुनसुकै निकासीकर्ताले पुनः तेस्रो मुलुकमा निर्यात गर्न चाहेमा देहायका शर्तका अधिनमा रही निर्यात गर्न पाउनेछन् ।<br><br>(क) तेस्रो मुलुकवाट आयात गर्दा प्रचलित ऐन नियम वमोजिम सम्पूर्ण भन्सार महसुल मूल्य अभिवृद्धि कर भुक्तानी गरिएको हुनुपर्नेछ ।<br><br>(ख) तेस्रो मुलुकवाट आयातित सामानहरु पुनः निकासी गर्दा निकासीकर्ताले भन्सार मूल्य अभिवृद्धि कर, अन्तःशुल्क लगायतका कुनै पनि महसुलहरुको Duty Draw Back वा Refund का सम्बन्धमा प्रचलित कानून अनुसार हुनेछ ।•<br><br>(ग) निकासी गरिने मुलुकमा उत्पत्तिको प्रमाणपत्र आवश्यक भएमा उत्पत्तिको प्रमाणपत्रमा स्पष्ट रुपमा उक्त वस्तु उत्पादन भएको मुलुकको नाम उल्लेख गरी नेपाल उद्योग वाणिज्य महासंघले अतिसौविध्य (MFN) अन्तर्गतको उत्पत्तिको प्रमाणपत्र जारी गर्नेछ ।<br><br>(घ) तेस्रो मुलुकवाट आयातित वस्तु भारतमा निकासी गर्न पाइनेछैन ।<br><br>(ङ) खरिद मूल्य नघट्ने गरी परिवर्च्य विदेशी मुद्रामा मात्र निकासी गर्नुपर्नेछ ।<br><br>(च) वस्तु निकासी गर्दा अग्रिम भुक्तानी (Advance Payment) वा प्रतितपत्र (Letter of Credit) वा डिमाण्ड ड्राफ्ट (Demand Draft) को माध्यमवाट गर्नुपर्नेछ ।<br><br>(छ) तेस्रो मुलुकवाट विदेशी मुद्रामा आयात भएका वस्तुहरु पुनः अन्य तेस्रो मुलुकमा निकासी गर्दाको लगत सम्वन्धित भन्सार कार्यालयले राख्नेछ ।<br><br>(ज) कुनै पनि निकासीकर्तालाई एक लट निर्यात भएको सामानको भुक्तानी प्राप्त भएको प्रमाणको आधारमा मात्र अर्को लट सामान निर्यात गर्न अनुमति दिइनेछ ।<br><br>(झ) यस व्यवस्था अनुसार निकासी गरिने मालवस्तु हवाई मार्गवाट मात्र निकासी गर्न सकिनेछ । |

• मिति २०६८।१२।७ को मन्त्रीस्तरीय निर्णयवाट संशोधित

| | |
|---|---|
| | ४.२ भारत वा तेस्रो मुलुकवाट आयात भएका मालवस्तु भुटान निकासी गर्दा निम्न कार्यविधि अपनाइनेछ ।⊕<br>(क) भारत वा तेस्रो मुलुकवाट आयात गरिएका मालवस्तुको उत्पत्तिको प्रमाणपत्र जारी गर्ने निकायले आयात प्रज्ञापनपत्र वा मू.अ. कर वीजक पेश गर्न लगाई सो का आधारमा त्यस्ता मालवस्तुको उत्पत्तिको प्रमाणपत्र जारी गर्नुपर्नेछ ।<br>(ख) भन्सार कार्यालयले निकासी वीजक, उत्पत्तिको प्रमाणपत्र एवं वैकिङ्ग प्रणालीवाट विदेशी मुद्रा (भारतीय रुपैयाँ समेत) भुक्तानीको कागजातका आधारमा निकासी गर्न दिइनेछ ।<br>(ग) मूल्य अभिवृद्धि कर कार्यालय वा भन्सार कार्यालयले माग गरेका बखत उत्पत्तिको प्रमाणपत्रमा उल्लेखित मालवस्तुको खरिद वा आयातको कागजात उत्पत्तिको प्रमाणपत्र जारी गर्ने निकायले उपलव्ध गराउनु पर्नेछ ।<br>(घ) यस्ता मालवस्तु भुटान निकासी गर्नको लागि त्रिभुवन विमानस्थल भन्सार कार्यालय र मेची भन्सार कार्यालयलाई तोकिएको छ ।<br>(ङ) मालवस्तु निकासी गर्दा आयात गरेको मूल्यको कम्तीमा १० प्रतिशत मूल्य अविभृद्धि गरी निकासी गरेको हुनुपर्नेछ ।<br>**५. कार्यविधि लागू हुनेः**<br>यो कार्यविधि नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ । |

⊕ मिति २०६९।६।२९ को समाननीय प्रधानमन्त्रीस्तरीय (विभागीय मन्त्री) निर्णयवाट संशोधित ।